# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ऐसेलुखर्क, खोटाङ

कोशी प्रदेश, नेपाल


प.सः- २०७९/०८०

च.नः-

मिति-: २०८०/०१/२०

**वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि अनलाईन आवेदन कार्य सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था बमोजिम वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी तथा सहज बनाउन मिति २०८० वैशाख ०१ गतेदेखि वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको लागि अनलाईन आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत समेत गर्ने गरी मिति २०७९/१२/१६ मा नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय भई मिति २०७९/१२/१६ को श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रेस विज्ञप्ति अनुसार यस ऐसेलुखर्क गाउँपालिकाको रोजगार सेवा केन्द्र, ऐसेलुखर्कमार्फत तपसिल बमोजिमका आवश्यक कागजात तथा विवरणका साथ अनलाईन आवेदन दिन सकिने व्यहोरा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाणपत्र,

२. कामदारको राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो- १ प्रति,

४. पारिवारिक विवरण, आफूसँग प्रयोगमा रहेको ईमेल आई.डि. र फोन नम्बर,

५. कामदारले आफ्नो वा आफ्नो हकवालाको नाममा बैंकमा खाता खोलेको प्रमाण,

६. पुरानो श्रम स्वीकृतिको Scan Copy (पुनः श्रम स्वीकृतिको हकमा),

७. रोजगारदातासँग भएको करार सम्झौता पत्र (Agreement Paper),

८. Embassy Letter,

९. अध्यागमन कार्यालयले राहदानीमा लगाएको Arrival and Departure Stamp.

**नोट-** अभिमुखीकरण तालिम लिएको, स्वास्थ्य परीक्षण गरेको, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष तथा बिमा रकम अनिवार्य रुपमा जम्मा गरेको हुनुपर्ने छ ।थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालय र रोजगार सेवा केन्द्र, ऐसेलुखर्कको साथै इमेल ठेगाना-krojgarsewa80@gmail.com तथा फेसबूक पेज रोजगार सेवा केन्द्र, ऐसेलुखर्कमा सम्पर्क राख्न सकिने छ ।

..............................

रेख बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत


☎०३६-४११११०३ ☎०३६-४११११०४ ☎अध्यक्ष ९८५२८४९६८५ ☎उपाध्यक्ष ९८५२८४९६८६

☎प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎सूचना अधिकारी ९८५२८४९०९३

**E-mail :**info@aiselukharkamun.gov.np

**Website:**www.aiselukharkamun.gov.np